# डुङ्गेश्वर गाउँपालिका

## गाउँ कार्यपालिका कार्यालय

### दैलेख

### कर्णाली प्रदेश , नेपाल

**डुङ्गेश्वर गाउंपालिका कृषि तथा पशु सेवा कार्यक्रम संचालन कार्यविधी २०७५**

स्वीकृत मिति :२०७५।०३।१५ प्रमाणिकरण मिति : २०७५।३।१७

प्रमाणित गर्नेको दस्तखत :

# <u>डुङ्गेश्वर गाउँपालिका कृषि तथा पशु सेवा कार्यक्रम संचालन कार्यविधि २०७५</u>

**<u>प्रस्तावना</u>** :

डुङ्गेश्वर गाउँपालिकावाट कृषि तथा पशु विकास तर्फ विभिन्न किसिमका अनुदान उपलव्ध गराउने, कार्यक्रम, तालिम संचालन गर्न तथा कृषि र पशु क्षेत्रको समग्र गुणस्तर सुधार गर्न र निर्वाहमुखि कृषि प्रणालीलाइ व्यवशायिक एवं प्रतिष्प्रधात्मक वनाइ कृषकहरुको आयस्तर सुधार गरि आत्मनिर्भर वनाउन वाच्छनिय भएकोले नेपालको संविधान २०७२ ले दिएको अधिकार प्रयोग गरि डुङ्गेश्वरगाउँपालिकाले यो कार्यविधि वनाएको छ ।

**कार्यपालिकावाट स्वीकृत मिति :२०७५।३।१५**

**प्रमाणिकरण मिति : २०७५।३।१७**

## परिच्छेद १ :

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम **कृषि तथा पशु सेवा विकास कार्यक्रम संचालन कार्यविधि, २०७४** रहेको छ ।

ख) यो कार्यविधि डुङ्गेश्वर गाउँपालिका गाँउ कार्यपालिकाको कार्यालयबाट स्वीकृत भए पश्चात प्रारम्भ हुनेछ

ग) आ.व. २०७४/०७५ मा संचालन भएका कार्यक्रमहरु यसै कार्यविधि बमोजिम नै भएको मानिने छ ।

**२. परिभाषा ,विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि प्रयोजनका लागि**

क)**"विभाग"** भन्नाले कृषि विभाग र पशु सेवा विभाग सम्झनु पर्छ ।

ख)**"मन्त्रालय" भ**न्नाले विषय वा प्रसंग अनुसार कृषि भुमि व्यवस्थापन तथा गरिवी निवारण अथवा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ ।

ग)**"कार्यालय"** भन्नाले गाँउ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

घ)**"समुह"** भन्नाले ९ वा सो भन्दा बढि कृषकहरु संगठित भई साविक जिल्ला कृषि विकास कार्यालय वा जिल्ला पशु सेवा कार्यालय . वा गाउँपालिकापशु सेवा शाखा वा गाउपालिका.कृषि शाखामा दर्ता भएको समुहलाई सम्झनु पर्छ ।

ङ) **"निजि फार्म"** भन्नाले एकल वा साझेदारी स्वामित्वमा रहि नेपाल सरकारको कुनै निकायमा दर्ता भएको फार्म सम्झनु पर्छ ।

च)**"शाखा"** भन्नाले गाउपालिका.पशु सेवा शाखा /गाउपालिका.कृषि शाखा सम्झनु पर्छ ।

**३.दृष्टिकोण**

निर्बाहमुखि कृषि प्रणालीलाई व्यवशायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गरि दिगो कृषि बिकासको माध्यमबाट जिवन स्तरमा सुधार ल्याउनु कृषि क्षेत्रको दृर्घकालिन दृष्टिकोण रहने छ ।

**४.उदेश्यहरु :**

व्यवशायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीद्वारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरि खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न :

क) कृषि उत्पादन एवं उत्पादकत्व बढाउने ।

ख) व्यवशायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरुको विकास गरि आन्तरिक तथा बाह्य बजारसंग प्रतिस्पर्धात्मक बनाउने ।

ग) प्राकृतिक श्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्बर्धन एवं सदुपयोग गर्ने ।

घ) पशुपालन व्यवसायको उद्यमशिलता प्रवर्धन एवं व्यवसायीकरण गर्नका लागि आवश्यक प्रविधि तथा सीपलाई लक्षित वर्गसम्म पुऱ्याउन सहयोग स्वरुप प्रदान अनुदानलाई व्यवस्थित गर्ने ।

ङ) पशुपालन व्यवसाय अन्तरगत थप रोजगारीका अवसरहरु सिर्जना गरि आयमा बृद्धिका साथै जीवनस्तरमा सुधार गर्ने ।

च) पशुपालन व्यवसायबाट उत्पादित पदार्थहरुको गुणस्तरमा सुधार गर्ने र उत्पादन लागतमा न्यूनीकरण गर्ने

## परिच्छेद :२

## कृषि तथा पशु सेवा प्रसार कार्यक्रम संचालन कार्यविधि

### २.१ अण्डामा आत्मनिर्भरता कार्यक्रम अन्तरगत ग्रामिण कुखुरा प्रवर्धन कार्यक्रम

क) ग्रामिण कुखुराको सघनता ,प्रवर्धनको औचित्यता ,आदिको आधार तथा स्थानिय जनप्रतिनिधिको परामर्शमाशाखाले कार्यक्रम सञ्चालन स्थान छनौट गर्नेछ ।

ख) छनौट भएको स्थानमा घरधुरी, बस्तीको सघनता ,प्राविधिकि उपयुक्तता हेरि एक समुहमा १५ देखि २० जना सम्मको समुह गठन गर्ने छ ।

ग) गठन भएको समुहलाई कुखुरा पालन सम्बधि एक दिने आधारभुत अभिमुखिकरण तालिम वा कार्यक्रम हेरि ३तीन) दिने गाउँपालिका .स्तरीय तालिमको व्यवस्था शाखाले गर्नेछ ।

घ) कार्यक्रम संचालनार्थ छनौट भएका समूहका प्रति सदस्य खोर निमार्णका. लागि कार्यालयबाट अनुदान उपलब्ध गराई प्रति सदस्य भाले खरिदका लागि समेत आर्थिक उत्प्रेरणाका कार्यक्रम संचालन गरिने छ ।

ङ) गठन भएको समूह सदस्यका कुखुरालाई आवश्यकता अनुसार परिजिवी विरुद्ध का औषधी तथा खोपको व्यवस्था शाखाले गर्नेछ ।

### २.१ 'क' कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

| क्र.सं. | कृयाकलाप | लगत रु.मा | कैफियत |
|---|---|---|---|
| १ | समूह गठन<br>क.सहभागी लाई खाजा प्रति सहभागी १५०<br>ख.समुहलाई स्टेश्नरी रजिस्टर ,सेतो कागज ,फाइल, स्केल,क्यालकुलेटर,पन्चिङ मेसिन , कापि कलम आदि | ५००० | बजेट सिमा भित्र रहि खर्च गर्नु पर्ने । |

### २.२ पशु पन्छी स्वास्थ्य सेवा सन्चालन कार्यविधि

क)प्रचलित कानुनको अधिनमा रहि शाखाले विरामी पशुपन्छीको उपचार ,परजिवी नियन्त्रण आदि सेवा सञ्चालन गर्नेछ।

ख) शाखाले विभागले जारि गरेको **सेवाकेन्द्रले वितरण गर्ने निशुल्क औषधी विवरणका** आधारमा औषधी वितरण गर्नेछ ।

ग)पशुपन्छीको उपचार तथा औषधी वितरण विरामी पशुका लक्षण तथा प्राविधिकको प्रत्यक्ष निगरानीमा हुनेछ ।

घ) पशुपन्छी उपचार तथा औषधी वितरण सम्बन्धी अभिलेख विरामी पशु दर्ता किताब (Case Register) मा दर्ता गर्ने

ङ) शाखाले पशुहरुलाई रोगबाट बचाउन समय समयमा रोग विरुद्ध खोपको व्यवस्था गर्नेछ ।

च) शाखाले पशुहरुमा कुनै महामारी रोग फैलिएमा त्यसको नियन्त्रणको पहल गर्नेछ ।

छ) माथि उल्लेखित पशुपन्छी स्वास्थ्य सेवा सन्चालनका लागि आवश्यक वजेटको व्यवस्था कार्यालयले गर्नेछ ।

**२.३ अनुदान सहकार्य कार्यक्रम सन्चालन कार्यविधि**

क)बजेट सिमा भित्र रहि शाखाले अनुदान सहकार्यका कार्यक्रमहरु तयार गर्नेछ ।

ख) कार्यक्रमका प्रकृति हेरि शाखाले प्रस्तावना आव्हान गर्नेछ ।

ग) पेश गरिएका प्रस्तावहरुको प्राविधिक सम्भाव्यता ,औचित्यता तथा अन्य पक्षको आधारमा स्थलगत प्रमाणिकरण (Field Verification )शाखाले गर्नेछ ।

घ) स्थलगत माग अथवा स्थलगत अध्ययन वा स्थलगत प्रमाणिकरण (Field Verification ) का आधारमा शाखाले प्रस्तावना छनौट गर्नेछ लागि कार्यपालीका बैठकमा सिफारिस गरि पेश गर्नेछ ।

ङ) यसरि पेशहुन आएको प्रस्तावनालाई कार्यपालिका बैठकले औचित्यपुर्ण ठानेमा छनौट वा अनुमोदन गर्नेछ ।अन्यथा कार्यपालीका आफैले प्राविधिक संलग्न गराई पुनः स्थलगत प्रमाणिकरण (Field Verification ) गरि प्रस्तावना छनौट गर्नेछ ।

च) रु.५०००० (पचास हजार)भन्दा तलको अनुदान रकम भएको प्रस्तावनाको छनौट प्राविधिक सम्भाव्यता ,औचित्यता तथा अन्य पक्षको आधारमा स्थलगत प्रमाणिकरण (Field Verification )गरि शाखाले गर्नेछ ।

छ) रु.५०००० (पचास हजार)भन्दा तलको अनुदान रकम भएको प्रस्तावनाको छनौटका लागि प्राविधिक स्टीमेट अनिबार्य नहुने ।

ज) कृषि विकासका कार्यक्रमहरु संचालन गर्दा कृषक समूहबाट माग प्रस्ताब आब्हान गरि प्राप्त प्रस्ताबहरु मध्ये बाट छनौट भएका कार्यक्रमहरु शाखाबाट सोझै वा कार्यालयबाट प्रमाणित गराई संचालन गरिने छ ।

झ) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना साना व्यवसायिक उत्पादन केन्द्र पकेट छनौट गरि कार्यक्रम संचालन गर्न कार्यपालीकाको वैठकबाट निर्णय गराई गाउँपालिका र पकेट संचालक समिति बिच सम्झौता भई संचालन गरिने छ ।

ञ) अनुदान सहकार्य सम्बन्धी अन्य व्यवस्था अनुदानग्राहीसंगको सम्झौता मुताविक हुनेछ ।

**२.४ सचेतना अभिबुद्धि /तालिम गोष्ठी /कार्यक्रम**

**क.वडा स्तरीय घुम्ती तालिम**

- स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रहि शाखाले वडा स्तरीय एक दिने स्थलगत तालिम सन्चालन गर्नेछ ।
- वडा भित्रका व्यवसायिक कृषक,समूह समिति सदस्यहरु यस तालिमका सहभागी हुने छन ।
- तालिममा ४ वटा कक्षा हुने छन ।
- कृषकहरुलाई यस तालिममा कृषि /पशु पालन व्यवसाय संग सम्बन्धित आधारभुत विषयमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान सीप प्रदान गरिनेछ ।
- सहभागी छनौटको जिम्मेवारी जनप्रतिनिधि तथा शाखाको हुनेछ ।

**ख. गाउँपालिका .स्तरीय तालिम तालिम**

- स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रहि शाखाले गाउँपालिका . स्तरीय अधिकतम ३ ( तीन) दिने तालिम सन्चालन गर्नेछ ।
- गाउपालिका भित्रका व्यवसायिक कृषक,समूह समिति सदस्यहरु यस तालिमका सहभागी हुने छन ।
- तलिममा प्रति दिन ४ वटा कक्षा हुने छन ।
- कृषकहरुलाई यस तालिममा कृषि /पशु पालन व्यवसाय संग सम्बन्धि निर्धारित विभिन्न विषयमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान सीप प्रदान गरिनेछ ।
- सहभागी छनौटको जिम्मेवारी जनप्रतिनिधि तथा शाखाको हुनेछ ।
- तालिममा आवश्यकता र औचित्यका आधारमा विषयविज्ञबाट प्रशिक्षण गराउन सकिने छ ।
- बाह्य प्रशिक्षकलाई सेवाका शर्तसहितको सम्झौता गराई प्रशिक्षण गराउन सकिने छ ।
- तालिम सन्चालन अवधिमा गाउँपालिका . अध्यक्ष, उपाध्यक्ष प्रमुख प्रशासकीय अधिकृत लगायतका जनप्रतिनिधि तथा कर्मचारीबाट एकल वा सामुहिक रुपमा तालिमको अनुगमन /निरिक्षण गराउन सकिनेछ ।
- यसरी तालिमको अनुगमन /निरिक्षण प्रतिवेदन एकल अनुगमन /निरिक्षण भए एकल रुपमा तथा सामुहिक अनुगमन /निरिक्षण भए टोली नेताले प्रतिवेदन प्रस्तुत गर्ने

## <u>तालिम प्रतिवेदनको ढाँचा</u>

तालिमको नाम :

तालिमको स्तर:

तालिम संचालन अबधि :

तालिम संयोजकको नाम :

सहभागी संख्या : महिला : पुरुष :

दलित :

जनजाति :

## <u>अनुगमन फर्मेट</u>

| **क.सं.** | **मिति** | **अनुगमन गरेको कक्षा** | **समय** | **प्रशिक्षकको नाम** | **तालिम सामाग्री** | **प्रशिक्षार्थीको सहभागीता** | **सारांश** | **अनुगमनकर्ताको मुल्यांकन** |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

क. राम्रो

ख. मध्यम

ग. सामान्य

अनुगमन टोली प्रमूखको

नाम :

सहि :

पद :

मिति :

### ग. कर्मचारी स्तर तालिम

- स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रहि कार्यालयले शाखामा कार्यरत कर्मचारीहरुलाई क्षमता अभिबृद्धि सम्बन्धी तालिमको व्यवस्था गर्नेछ ।
- कर्मचारी प्रशिक्षण प्रतिष्ठान , पशु सेवा तालिम केन्द्र ,कृषि तालिम केन्द्र तथा प्रादेशिक तालिम केन्द्र जस्ता सरकारी निकायले आयोजना गर्ने तालिममा शाखामा कार्यरत कर्मचारी सहभागी हुने छन ।
- कार्यालयले १ (एक) देखि ३०( तीस )कार्यदिन सम्मको तालिमको व्यवस्था गर्नेछ ।

- ❖ तालिम लिए पश्चात तालिम प्राप्त गरेको प्रमाण अर्थात निस्साको प्रतिलिपि कार्यालयमा पेश गर्नु पर्नेछ ।

**घ.गोष्ठी /सेमिनार**

- शाखाले स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रहि आफ्ना कार्यक्रमसंग सम्बन्धित विषयमा गोष्ठी /सेमिनारको आयोजना गर्नेछ ।
- गोष्ठी/सेमिनार विषयवस्तु हेरि एक दिन वा सो भन्दा बढि अवधिका हुने छन ।
- गोष्ठी/सेमिनारमा विषयवस्तुको गाम्भिर्यता हेरि कार्यपत्र प्रस्तुति तथा सहजिकरण का लागि विषयविशेषज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

**ङ तालिम गोष्ठी सेमिनार संचालनको आर्थिक कार्यविधि**

**स्थलगतघुम्ती तालिम**

| **क्र.सं.** | **विवरण** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | सहभागी भत्ता/यातायात | ५०० | प्रति व्यक्ति दुरि अनुसार |
| २ | मसलन्द<br>क.सहभागीका लागि<br>ख. व्यबस्थापन एवं प्रशिक्षण कार्यका लागि | <br>७५<br>१००० | प्रति व्यक्ति डायरी ,कलम, माईक्लियर व्याग आदि<br>ब्यानर, बोर्ड मारकर ,प्रोजेक्टर मेटाकार्ड, न्युजप्रीन्ट पेपर ब्राउन पेपर, मास्किङ टेप, क्लिप, आदि |
| ३ | खाजा (प्रति व्यक्ति प्रति दिन ) | १५० | संयोजक ,श्रोत व्यक्ति ,प्रतिवेदक र सहयोगी कर्मचारी तथा सशभागी लाई समेत |
| ४ | प्रशिक्षक भत्ता ( प्रति कक्षा )<br>क . कक्षा संचालन बापत<br>ख. कार्यपत्र (Handout) बापत | <br>१०००<br>५०० | |
| ५ | वस्तु गत टेवा | ३००० | वस्तु गत टेवा तालिमका सहभागीहरुलाई नया प्राप्त सीप उपयोग गर्ने कार्यमा उत्प्रेरित गर्न प्रदान गरिने वस्तु जस्तै बाखाको माउ, पशु औषधी तथा बालीका वीउहरु,विषादि ,मौरीको घार,औजार उपकरण आदि सम्झनु पर्छ । |
| ६ | दैनिक तथा भ्रमण भत्ता | नियमानुसार | मुकामबाट ४ कोष भन्दा बढि दुरिमा जाने र आउने दिनको लागि मात्र |

**गाउँपालिका स्तरीय कृषक तालिम (सीप विकास / क्षमता अभिवृद्धि तालिम)**

| क.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | सहभागी भत्ता/यातायात | १००० | प्रति व्यक्ति प्रति दिन कार्यक्रम र वजेट हेरि अधिकतम दुरि अनुसार |
| २ | मसलन्द<br>क.सहभागीका लागि<br>ख. व्यवस्थापन एवं प्रशिक्षण कार्यका लागि | ७५<br>२००० | प्रति व्यक्ति डायरी ,कलम, माईक्लियर व्याग आदि<br>व्यानर, बोर्ड मारकर ,प्रोजेक्टर मेटाकार्ड, न्युजप्रीन्ट पेपर ब्राउन पेपर, मास्किङ टेप, क्लिप, आदि |
| ३ | खाजा (प्रति व्यक्ति प्रति दिन ) | १५० | संयोजक ,श्रोत व्यक्ति ,प्रतिवेदक र सहयोगी कर्मचारी लाई समेत |
| ४ | खाना(प्रति व्यक्ति प्रति छाक ) | २५० | स्वीकृत बजेटको सीमा भित्र रहि |
| ४ | प्रशिक्षक भत्ता ( प्रति कक्षा )<br>क . कक्षा संचालन बापत<br>ख. कार्यपत्र (Handout ) | <br>१२००<br>५०० | कार्यपत्र (Handout)र प्रशिक्षण बापत एक मुष्ठ लिने भए अधिकतम रु १५०० मा नबढ्ने गरि पाउने |
| ५ | क.संयोजक भत्ता<br>ख. सहयोगी भत्ता<br>ग. प्रतिबेदक पारिश्रमिक | ५००<br>२००<br>१५०० | प्रतिबेदक र तालिम संयोजक एकै व्यक्ति भए कुनै एकको मात्र पारिश्रमिक पाउने तथा प्रदिवेदकको पारिश्रमिक एक कार्यक्रममा रु. ३००० भन्दा बढ्न नहुने । |
| ६ | वस्तुगत टेवा | ३००० | वस्तु गत टेवा तालिमका सहभागीहरुलाई नया प्राप्त सीप उपयोग गर्ने कार्यमा उत्प्रेरित गर्न प्रदान गरिने वस्तु जस्तै बाखाको माउ, पशु औषधी तथा बालीका वीउहरु,विषादि ,मौरीको घार,औजार उपकरण आदि सम्भनु पर्छ। |
| ७ | दैनिक तथा भ्रमण भत्ता | नियमानुसार | मुकामबाट ६ कोष भन्दा बढि दुरिमा जाने र आउने दिनको लागि मात्र |

### गाउँपालिका स्तरीय गोष्ठी, सेमिनार , कार्यशाला

| क्र.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | सहभागी भत्ता/यातायात | १००० | प्रति व्यक्ति प्रति दिन कार्यक्रम र वजेट हेरि अधिकतम दुरि अनुसार |
| २ | मसलन्द<br>क.सहभागीका लागि<br><br>ख. व्यवस्थापन एवं प्रशिक्षण कार्यका लागि | <br>१००<br><br>२००० | <br>प्रति व्यक्ति डायरी ,कलम, माईक्लियर व्याग आदि<br>बोर्ड मारकर ,प्रोजेक्टर मेटाकार्ड, न्युजप्रीन्ट पेपर मास्किङ टेप, क्लिप, आदि |
| ३ | खाजा (प्रति व्यक्ति प्रति दिन ) | १५० | संयोजक ,श्रोत व्यक्ति ,प्रतिवेदक र सहयोगी कर्मचारी लाई समेत |
| ४ | खाना(प्रति व्यक्ति प्रति छाक ) | २५० | स्वीकृत बजेटको सीमा भित्र रहि |
| ५ | प्रशिक्षक भत्ता ( प्रति कक्षा )<br>क . कार्यपत्र बापत<br>ख. टिप्पणी | <br>१५००<br>७०० | |
| ६ | दैनिक तथा भ्रमण भत्ता | नियमानुसार | मुकामबाट ६ कोष भन्दा बढि दुरिमा जाने र आउने दिनको लागि मात्र |

### २.५ पशु स्वास्थ्य शिविर संचालन कार्यविधि

क) पशु स्वास्थ्य शिविर संचालन पुर्व शाखाले कार्यालय संग समन्वय गरि त्यस क्षेत्रका स्थानियको माग एवं सेवाको पहुँच तथा अपरिहार्यता समेत लाई विचार गरि स्थान तोक्ने छ ।

ख) स्थानीय जनप्रतिनिधि तथा कार्यालय संगको समन्वयमा शाखा मिति तोकी सरोकार वाला सबैलाई जानाकारी गराउने छ ।

ग) कार्यालय/शाखाले मिति तथा स्थानको बारेमा स्थानीय जनप्रतिनिधि समूह समिति लाई जानाकारी गराउने छ ।

घ) शाखाले शिविर सन्चालन हुनु एक हप्ता पूर्व विभिन्न माध्यमबाट प्रचार प्रसार गर्नेछ ।

ङ) शाखाले आवश्यकता र औचित्य अनुसारको विशेषज्ञ टोली लगायत औषधी, भ्याक्सीन,तथा अन्य सामाग्रीको व्यवस्थापन गर्नेछ ।

च) विशेषज्ञका रुपमा साविक जि.प.से.का. ,पशु चिकित्सालय ,भेटेरिनरी शिक्षण संस्थान,पशु स्वास्थ्य अनुसन्धान तथा निजि क्षेत्रमा कार्यरत पशु चिकित्सा क्षेत्रका विज्ञहरु हुनेछन ।

छ) एउटा शिविरमा साना र ठुला गरेर कम्तीमा १०० पशुलाई आवश्यक पशु स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्नेछ ।

ज) पशु स्वास्थ्य शिविरमा वितरण गरेको औषधी तथा पशु उपचार गरेको अभिलेख पशु स्वास्थ्य शिविर विरामी पशु दर्ता किताब (Animal Health camp Case- Register )मा राखिने छ ।

**२.५.१ पशु स्वास्थ्य शिविर संचालनको आर्थिक कार्यविधि**

क. शिविर संचालनको लागि आवश्यक सम्पुर्ण कृयाकलापहरु ८०००० रुपैयाँ सम्ममा सम्पन्न गर्न पर्नेछ ।

| क्र.सं. | कृयाकलापहरु | लागत रु.मा |
|---|---|---|
| १ | पशु स्वास्थ्य शिविर सम्बन्धी प्रचार प्रसार | ६००० |
| २. | औषधी खोप तथा अन्य सामाग्री व्यवस्थापन | ५०००० |
| ३ | औपचारिक कार्यक्रममा चिया पान/खाना समेत | ७००० |
| ४ | अस्थायी ट्रेभिज निमार्ण तथा अन्य लजिस्टिक व्यवस्थापन | ७००० |
| ५ | पशु स्वास्थ्य शिविरको जनप्रतिनिधि तथा अन्य कर्मचारीबाट अनुगमन (प्रति व्यक्ति १५००का दरले) | १०००० |

ख. पशु स्वास्थ्य शिविरका लागि खटिएका विज्ञ तथा प्राविधिक एवंसहयोगी कर्मचारीहरुको दैनिक रभ्रमण भत्ताको व्यवस्था नियमानुसार कार्यालय/शाखाले गर्नेछ ।

**२.६ सुशासन तथा पारदर्शिता प्रवर्धन कार्यक्रम सन्चालन कार्यविधि**

क) शाखाले आफ्नो कार्यक्षेत्र भित्रका कृषकहरु जनचेतना अभिवृद्धिमार्फत सुशासन तथा पारदर्शिता प्रवर्धन स्थानीय रेडियो ,पत्रपत्रिकामा सन्देश मुलक सामाग्री प्रसारण गराउने छ ।

ख)कृषि तथा पशु पालन संग सम्बन्धित समसामयिक फ्लेक्स प्रीन्ट ,होर्डिङ बोर्ड तयार गरि सबैले देख्ने गरि राख्ने व्यवस्था मिलाउने छ ।

**२.७सुचि (Inventory)तयार सम्बन्धि कार्यविधि**

क) शाखाले आफ्नो कार्यक्षेत्र भित्र रहेका पशुपन्छी संख्या ,पशुजन्य पदार्थकोको उत्पादन, मासु पसल, एग्राभेट,पशु पन्छी फार्म ,औषधी पसल समुह समिति आदिको विवरण संकलन गरि सूचि (Inventory) तयार गर्नेछ ।

ख) यस्तो सूचि (Inventory)तयार गर्ने जिम्मा शाखाले कुनै व्यक्ति संघ संस्था लाई स्वीकृत वजेटको सीमा र परिधि भित्र रहि दिन सक्ने छ ।

ग) तोकिएको दुरी भन्दा टाढा विवरण संकलनका लागि जाने कर्मचारीले नियमानुसार दैनिक तथा भमण भत्ता पाउने छ भने सो भन्दा नजिक इन्धन खर्चमात्र पाउने छ ।

घ) सूचि (Inventory)तयार गरि सकेपछि भुक्तानीका लागि सो पुस्तिका समेत पेश गर्नु पर्नेछ ।

## २.८ नश्ल सुधार कार्यक्रम

क) शाखाले स्वीकृत कार्यक्रम र बजेट सीमा भित्र रहि कार्यक्षेत्र भित्रका पशुको उत्पादन तथा उत्पादकत्व बढाउन नश्ल सुधारका कार्यक्रम संचालन गर्ने छ।

ख) यसका लागि शाखा कृषकहरुलाई उन्नत जातका राँगो साढे बोका थुमा अनुदान सहकार्यमा उपलब्ध गराउने छ ।

**नश्ल सुधारका लागि देहाय बमोजिमका बिशेषता भएका पशुहुनु पर्नेछ ।**

**प्रजनन योग्य राँगो**

- राँगो शुद्ध वा ५० देखि ७५ प्रतिशत मुर्रा जातको हुनु पर्ने छ । जात अनुसारको प्रस्ट देखिने गुण हुनु पर्छ ।
- राँगोको माउ र बाबु असल गुणको साथै आमाको दुध उत्पादन कम्तीमा २००० लिटर प्रति वेद भएकोबाट जन्मेको हुनु पर्छ ।
- राँगोको उमेर ३.५ देखि ४ बर्ष वा दुई दांत साटेको हुनु पर्छ ।
- राँगोको दुवै अण्डकोष राम्रो संग विकास भएको हुनु पर्छ ।
- राँगो सरकारी फार्म वा कृ.ग. बाट जन्मेको हुनु पर्छ ।

**प्रजनन योग्य साँढे**

- साँढे शुद्ध वा ५० देखि ७५ प्रतिशत जर्सि जातको हुनु पर्ने छ । जात अनुसारको प्रस्ट देखिने गुण हुनु पर्छ ।
- साँढको माउ र बाबु असल गुणको साथै आमाको दुध उत्पादन कम्तीमा ३००० लिटर प्रति वेद भएकोबाट जन्मेको हुनु पर्छ ।
- साँढेको उमेर २.५ देखि ३ बर्ष वा दुई दांत साटेको हुनु पर्छ ।
- साँढको दुवै अण्डकोष राम्रो संग विकास भएको हुनु पर्छ ।
- साँढे सरकारी फार्म वा कृ.ग. बाट जन्मेको हुनु पर्छ ।

**प्रजनन योग्य थुमा**

- थुमा शुद्ध वा स्थानीय जातको हुनु पर्ने छ । जात अनुसारको प्रस्ट देखिने गुण हुनु पर्छ ।
- थुमा को माउ र बाबु असल गुणको हुनु पर्छ ।
- थुमा को उमेर १.५ हुनु पर्छ ।
- थुमाको दुवै अण्डकोष राम्रो संग विकास भएको हुनु पर्छ ।
- थुमा उपलब्ध भएसम्म सरकारी फार्म वा कृ.ग. बाट जन्मेको हुनु पर्छ ।

**प्रजनन योग्य बोका**

- बोका शुद्ध वा स्थानीय जातको हुनु पर्ने छ । जात अनुसारको प्रस्ट देखिने गुण हुनु पर्छ ।

- ○ बोका को माउ र बाबु असल गुणको हुनु पर्छ तथा २ वटा सन्तानबाट जन्मेको हुनु पर्छ ।
- ○ बोका को उमेर १देखि १.५ हुदा २५ के.जी. तौल हुनु पर्छ ।
- ○ बोका को दुवै अण्डकोष राम्रो संग विकास भएको हुनु पर्छ ।
- ○ बोका उपलब्ध भएसम्म सरकारी फार्म वा कृ.ग. बाट जन्मेको हुनु पर्छ ।
- ○ इन ब्रीडिङबाट जन्मेको हुनु हदैन ।

**२.९ ) अन्तर जिल्ला कृषक भ्रमण कार्यक्रम :**

**उद्देश्य :** कृषकहरुलाइ उन्नत प्रविधि देखाएर त्यसबाट प्रभावित भइ नयाँ प्रविधि अवलम्बन गर्न सघाउ पुर्‍याउनु ।

कार्यविधि :

- भ्रमणको लागि केहि पढेका सिक्न सक्ने र सिकाउने भावना भएका कृषक छनौट गर्नु पर्दछ ।
- भ्रमण कार्यक्रम ( अवलोकन स्थल, बस्ने स्थान आदि अग्रिम तयार गरि भ्रमण प्रारम्भ गर्नु पर्छ ।
- भ्रमणको शुरुमा परिचयात्मक कार्यक्रम राखि भ्रमणबारे स्पष्ट पार्नु पर्छ ।
- भ्रमणको क्रममा सबैलाई सक्दो सहुलियत दिने र अन्त्यमा समिक्षा गर्नुपर्छ ।
- भ्रमण अवधि ३ - ५ दिन र सहभागी संख्या ३० - ३५ जना ।

**आर्थिक पक्ष :**

**जिल्ला स्तर कृषक भ्रमण**

| सि. नं. | नर्म्सको विवरण | इकाइ | नर्म्स |
|---|---|---|---|
| १ | अबधि ( कृषक आफ्नो गाउँपालिका . बाट भ्रमण शुरु गर्न र फर्कन बाटोको म्याद बाहेक ) | दिन | ३ - ५ |
| २ | सहभागी कृषक | जवान | ३० - ३५ |
| ३ | गाडि रिजर्भेसन भाडा तथा व्यवस्थापन | रु./ दिन | १५०००। |
| ४ | चियापान | रु. प्र.दिन प्र. ब्यक्ति | १५०। |
| ५ | शैक्षिक सामाग्री | रु. एकमुष्ट | ३०००। |
| ६ | सहभागीलाई दै भत्ता | रु. प्र दिन प्र.ब्यक्ति | १०००। |
| ७ | सहजकर्ता (बढिमा ५ जना सम्म) | रु. प्र दिन प्र.ब्यक्ति | १५००। |

**२.१०) मूल कृषक समूह बैठक :**

**कार्यविधि :**

- कृषक समूहको प्रतिनिधित्व हुनेगरि मूल कृषक समूह समितिको बैठक बस्ने छ ।
- कृषि तथा पशु सेवा शाखाका प्राविधिकहरुले बैठकमा सहजिकरण गर्नु पर्नेछ ।
- बढिमा ३० जना सहभागीहरुलाई बैठक भत्ता उपल्ब्ध गराईने छ ।
- बैठक भत्ताको लागि सम्बन्धि शाखा प्रमुखको सिफारिस अनिवार्य छ ।

**आर्थिक पक्ष :**

मल कृषक समूह समिति बैठक :

सहभागी संख्या : बढिमा ३० जना ।

अधिकतम बैठक संख्या : मासिक १ पटक

प्रति ब्यक्ति चियापान खर्च : रु. १५०।

प्रति ब्यक्ति बैठक भत्ता : प्रति दिन रु. ५००।

सहजिकरण भत्ता : प्रति दिन रु. १०००। (२ जना सम्म)

## परिच्छेद ३ :

## बाली विकास कार्यक्रम

### ३.१) प्रदर्शन कार्यक्रम :

**उद्देश्य :** प्रदर्शित प्रविधि स्थानिय हावा पानी सुहाउदो छ भन्ने कुरा देखाउदै नयाँ प्रविधिको उपयुक्तता शिद्ध गर्नु ।

**कार्यविधि :**

सकभर सजिलै संग निरिक्षण गराउन सकिने हिसावमा सडकको छेउ छाउमा प्रदर्शनको लागि जग्गाको छनौट गर्नु पर्दछ ।

गाई बस्तुले नोक्सान पर्‍याउने हुनु हुदैन ।

नतिजा प्रदर्शन कार्यक्रम जातिय प्रदर्शन तरिका पदर्शन , मलखाद प्रदर्शनको रुपमा गराई कृषकहरुलाई अवलोकन गराउनु पदर्छ ।

प्रदर्शन प्लटमा प्रदर्शनको किसिम, कृषकको नाम,बाली र जात ,क्षेत्रफल ,मलखादको मात्रा ,आरम्भ गरेको मिति आदि उल्लेख गरेको ब्यानर राख्नु पर्छ ।

प्रदर्शन प्लटमा कृषकहरु जुटाइ समय समयमा अवलोकन गराृउनु पर्छ ।

आर्थिक पक्ष : प्रदर्शन कार्यक्रम

खाद्यान्न, दाल, तेल बालीहरुमा गरिने जातिय मलखाद ,बाली संरक्षण तरिका प्रदर्शनका लागि रासायनिक मल – बीउ विषादी साइनबोर्ड आदिमा प्रति प्रदर्शन रु १५०० खर्च गर्न सकिने छ ।

– क्षेत्रफल १ रोपनी

### ३.२) उन्नत बीउ किट वितरण कार्यक्रम (खाद्यान्न,तेलहन,दलहन)

**उद्देश्य :** कुनै एक स्थानमा लोकपृय भएको बालीको बीउ त्यस स्थानका आसपासका कृषकहरुलाई जानकारी दिन र बीउ प्रशारण गर्न ।

**कार्यविधि :** कुनै एक स्थानमा लोकपृय भएको स्तरिय वीउ खरिद गरि स साना प्याकेट बनाई बीउको जात, लगाउने समय ,मल, सिंचाई , कटानी गर्ने समय ,र अनुमानित उत्पादन आदिको विवरण लेखि सोहि प्याकेटमा राखि कृषकहरुलाई जानकारी गराउनु पर्छ ।

कृषकहरुको नाम, ठेगाना लगाएको समय प्रयोग भएको मात्रा , प्रविधिर विउ प्रति कृषकको धारणा जस्ता विवरणहरु रेकर्ड गर्नु पर्छ ।

कृषकले मन पराएमा सोहि बीउको क्षेत्र विस्तार हुन्छ ।

आर्थिक पक्ष : उन्नत बीउ किट वितरण

कार्यक्रम संचालन गर्न बीउ खरिद रप्याकिङको लागि प्रति किट रु १०० सम्म खर्च गर्न सकिने छ ।

**३.३) क्रप कटिङ कार्यक्रमः**

**उद्देश्य :**कुन कुन बाली कति कति उत्पादन भयो भन्ने स्तर /दर निर्धारण गर्न आकडा लिनु ।

**कार्यबिधि :**

- आफ्नो गाउँपालिका . भित्र विभिन्न बालीहरुको कुल उत्पादन अनुमान गर्नको लागि र उक्त बालीले ठाकेको क्षेत्रफल बाली विशेष विभाजन गरि उत्पादन तथ्यांक लिनु पर्दछ ।
- प्रत्येक उत्पादनको १० वर्ग मिटरको बाली कटानी गर्नु पर्छ ।यस्ता ५ वटा क्रप कटिङ रेण्डोमाइज्ड नमुनाबाट उत्पादन लिनु पर्छ ।
- सिचित असिंचित क्षेत्र उन्नत स्थानिय जातले ढाकेको क्षेत्रबाट क्रप कटिङ्ग गरि उत्पादन र उत्पादकत्वको तथ्याङ्ग निर्धारण गर्नुपर्छ ।

**आर्थिक पक्ष :**

**क्रप कटिङ्ग :**प्रति क्रप कटिङ्ग गरेको ज्याला वाफत रु. ३०० । खर्च गर्न सकिने छ ।

२.१४) **विज बृद्धि कार्यक्रम :**

**उद्देश्य :**

- गाउँपालिकालाई विउ विजनमा आत्म निर्भर बनाउन खाद्यान्न बालीको गुणस्तरीय बीउ सुरक्षित रुपले संचय गर्न कृषक/ कृषक समूहलाइ अभिप्रेरित गराउने ।
- कृषक/कृषक समूहहरुलाइ खाद्यान्न बालीको विज बृद्धि कार्यक्रम संस्थागत वा व्यवशायिक रुपमा संचालन गर्न प्रोत्साहित गर्ने ।

**कार्यविधि : ( विज बृद्धि कार्यक्रम )**

- कृषक/ कृषक समूहहरुलाइ विज बृद्धि कायक्रममा समाबेस गराउन सकिने छ ।
- यो कार्यक्रम एकल वा सामूहिक रुपमा पनि संचालन गरिने छ ।
- यो कार्यक्रममा संलग्न कृषकहरुले बीउ उत्पादन प्रविधि अनुसार प्राविधिकको निगरानीमा बीउ उत्पादन गर्नु पर्दछ ।
- विज बृद्धिबाट उत्पादित बीउ स्वमं कृषकले बजार व्यवस्था गर्नु पर्छ ।

**आर्थिक पक्ष :**

- मूलबीउ,मलखाद,वाली संरक्षण सामाग्री आदि कार्यको लागि प्रति हेक्टर रु. ७०००। सम्म खर्च गर्न सकिने ।

**२.१.५बृहत्तर मकै उत्पादन कार्यक्रम :**

**२.१.५.१.७५%मा मकैको बीउ बितरण :**

**उद्देश्य :** प्रमुख खाद्यान्न बालिहरुमा आत्मनिर्भताको लागी सरकारको राष्ट्रिय लक्ष्य हासिल गर्न मध्य पहाडी बृहत्तर मकै उत्पादन कार्यक्रम लागुगरी उत्पादन रउत्पादकत्वमा बृद्धि ल्याउनु हो

**कार्यविधि :**कृषक ,कृषक समुह मकै पकेट भित्रका कृषकहरुलाई उन्नत बिउको उपलब्धता सहज तरीको गराउनु र बीउ खरीदको लागी कृषकहरुले बेहोर्ने रकमा कमी ल्याउनु हो ।

**आर्थिक पक्ष :**

**७५%मा मकैको बीउ बितरण :**

कृषक ,कृषक समुह मकै पकेट भित्रका कृषकहरुलाइ आबस्यक पर्ने बीउमा ७५%अनुदान दिने र ढुवानीमा पुरै अनुदान दिन सकिनेछ ।

## परिच्छेद ४ :

बागवानी विकास कार्यक्रम

**४.१) फलफूल बाली :**

**४.१.१) नमूना फलफूल बगैचा स्थापना :**

फलफूल खेती कृषकको अर्थोपार्जनका लागि एक आकर्षक ब्यवशाय भएको र यसको लागि प्राविधिक ज्ञान सिप बढी आवश्यक्ता पर्ने भएकोले प्राथमिकता प्राप्त फलफूल क्षेत्रमा नमूनाको रुपमा बगैचा स्थापना गर्न यो कार्यक्रम संचालन गरिन्छ ।

**उद्देश्य :**

- प्रदर्शन रुपमा नमूना बगैचाहरु स्थापना गरि कृषकलाई पाखो जग्गाहरुमा फलफूल खेती गर्न प्रोत्साहित गराउने ।

**कार्यविधि :**

- एउटा फलफूल उत्पादन पकेट क्षेत्रमा एउटा नमूना बगैचा स्थापना गर्ने ।
- एउटा वडामा २ वटासम्म नमूना बगैचा स्थापना गर्न सकिने छ ।
- बहुसंख्यक कृषकहरुले हेर्न र सिक्न सक्ने गरि प्रदर्शन स्थल एवं कृषक छनौट गर्नु पर्दछ ।
- कृषकहरुको सकृय सहभागीतामा मात्र नर्म्स उल्लेख भए अनुसार सुविधाहरु उपलब्ध गराउनु पर्ने छ ।
- एउटा स्थानमा एउटै कृषकले एउटै फलफूल बाली बोट संख्या २५ लाई बगैचा मानिने छ ।

**आर्थिक पक्ष :**

नमूना बगैचाहरुमा उत्पादन नदिए सम्म (२-५) वर्ष) अनदानमा रासायनिक बिरुवा, मल, रोग किरा नाशक विषादि, निलो तुथो, चूना, सिकेचर आदि सामाग्री खरिदको लागि वार्षिक रु.१००००। को दरले ५ बर्ष सम्म उपलब्ध गराउने ।

**४.१.२) ब्यवशायिक वगैचा स्थापना :**

**उद्देश्य :**

स्थानिय तथा वाह्य बजारमा माग आपूर्ति गर्ने गरि फलफूल उत्पादन गर्न सहयोग पुर्‍याउनु ।

**कार्यविधि :**

फलफूलका बोट विरुवाहरु, काँटछाँट गर्ने सिकेचर, करौति, प्रुनिङ्ग गर्ने चक्कु, स्प्रेयर जस्ता उपकरणहरु नर्म्समा उल्लेख भए अनुसार उपलब्ध गराउन सकिने छ ।

**आर्थिक पक्ष :**

- फलफूलका बोट विरुवाहरु, काँटछाँट गर्ने सिकेचर, करौति, प्रुनिङ्ग गर्ने चक्कु, स्प्रेयर जस्ता उपकरणहरुमा ५०-१००प्रतिशत सम्म अनुदान दिन सकिने छ ढुवानीमा पुरै अनुदान दिन सकिने ।

**४.१.३) विरुवा प्याकेजिङ्ग चार्ज :**

**उद्देश्य :**

- फलफूलका बो विरुवाहरु ढवानी गर्नु भन्दा अगाडि उचित प्याकेजिङ्ग व्यवस्था मिलाउनु ।

  **कार्यविधि :**

- ढुवानी गर्न भन्दा अगाडि बोट विरुवाको प्रकृति हेरी नर्म्समा कायम गरिए अनुसार प्याकेजिङ्ग चार्ज उपलब्ध गराइने छ ।

  आर्थिक पक्ष :

  **विरुवा प्याकेजिङ्ग चार्ज**

- सुन्तला जात, केरा, भुइकटहरका विरुवाहरुमा १० प्रतिशत अनुदान दिईने छ ।
- आँप, लिचि, कटहर आदि विरुवाहरुमा १५ प्रतिशत अनुदान दिइने छ ।

४.१.४) विरुवा मोर्टालिटि :

**उद्देश्य :**

ढुवानी गर्ने क्रममा बोट विरुवा मरेमा कृषक पर्न जाने मर्का कम गर्नु ।

**कार्यविधि :**

- फलफूलका बोट विरुवाहरु श्रोत केन्द्रबाट लगेर कृषकलाइ वितरण नगरे सम्म विभिन्न समस्याहरु परि मर्न सक्ने वास्तविकतालाइ दृष्टिगत गरि सामाग्री प्रकृति अनुसार मार्टालिटी प्रतिशत कायम गरिन्छ ।
- मरेका बोट विरुवाहरुको मूल्य नर्म्समा उल्लेख भए अनुसार अनुदानको रुपमा उपल्ब्ध गराउन सकिने छ आर्थिक पक्ष :
- विरुवा मोर्टालिटि :सुन्तला जात, केरा, भुइकटहरका विरुवाहरुमा १० प्रतिशत अनुदान दिईने छ ।
- आँप, लिचि, कटहर आदि विरुवाहरुमा १५ प्रतिशत अनुदान दिइने छ ।

४.१.५)सामाग्री ढुवानी

कायक्रम संचालन गर्न कृषि सामाग्रीहरु श्रोत स्थलबाट सम्वन्धित गाउँपालिका . र वार्ड स्तरसम्म ढुवानी गराइन्छ ।

**कार्यविधि :**नर्म्समा व्यवस्था भए अनुरुप ढुवानी अनुदान उपलब्ध गराउन सकिनेछ

**आर्थिक पक्ष :**

**विरुवा मोर्टालिटि :**

कार्यक्रममा तोकिएको ढुवानी रकम बाहेक अन्य स्वीकृत लक्ष अनुसार तोकिएको सामाग्री ओसार पसार गर्दा निर्दिष्ट श्रोतबाट सम्बन्धित गाउँ पालिका र वडासम्म प्रचलित नियमानुसार ढुवानी अनुदान दिन सकिनेछ ।

४.२) तरकारी तथा आलु बाली

**४.२.१) तरकारी नर्सरी स्थापना**

खाद्यान्न बालीको तुलनामा तरकारी बालीको बीउ महङ्गो हुने तथा सबै कृषकहरु स्वस्थ बिरुवा उत्पादन गर्न सक्षम नहुने अवस्था छ । यस्तो स्थितीमा अदक्ष वा अर्धदक्ष सिपको कारण साना तथा मझौला कृषकहरुको जोखिम न्यूनिकरण गर्न र सम्भावित पकेट क्षेत्रमा बढी मल्य जाने तरकारी वालीको बेर्ना उत्पादन र विक्री वितरण तथा व्यवस्थापनबाट समुदायमा तरकारी व्यवशाय प्रवर्धनमा टेवा पुग्ने भएकोले तरकारी नर्सरी स्थापनाको ठूलो महत्व छ ।

**उद्देश्य :**

व्यवशायिक तरकारी खेती बिस्तारको लागी निजि स्तरमा नर्सरी स्थापना गर्न कृषक/समुह लाई प्रोत्साहान गरी श्रोत केन्द्रको रुपमा बिकसित गराउनु ।

**कार्यविधि :**

नर्म्समा उल्लेख गरीय अनुसार क्रमसः प्रथम,द्वितिय र तृतिय बर्ष सम्म बिउ,मल,पोलिब्याग,सिड ट्रे, पोलिथिन सिट, विषादी, स्प्रेयर आदी आबश्यक कृषि सामाग्रीहरु उपलब्ध गराउन कार्यक्रम संचालन गरानु पर्दछ ।

**आर्थिक पक्ष :**

**तरकारी नर्सरी स्थापना**

तरकारी नर्सरी स्थापना गर्न आधा रोपनी क्षेत्रफलमा गर्नको लागी बिउ मल,पोलिब्याग,सिड ट्रे, पोलिथिन सिट, विषादी, स्प्रेयर आदी खरीदको लागी पहिलो बर्ष रु २००००। सम्म अनुदान दिन सकीने दोस्रो बर्ष उक्त सामाग्री मध्य आबस्यक सामाग्रीमा रु १००००। सम्म अनुदान दिन सकीने र तेस्रो बर्ष उक्त सामाग्री मध्य आबस्यक सामाग्रीमा रु ५०००। सम्म अनुदान दिन सकीन ।

**४.२.२) तरकारी प्रदर्शन कार्यक्रम**

**उद्देश्य :** प्रदर्शित प्रविधि स्थानिय हावा पानी सुहाउदो छ भन्ने कुरा देखाउदै नयाँ प्रविधिको उपयुक्तता शिद्ध गर्नु ।

**कार्यविधि :**

सकभर सजिलै संग निरिक्षण गराउन सकिने हिसावमा सडकको छेउ छाउमा प्रदर्शनको लागि जग्गाको छनौट गर्नु पर्दछ ।गाई बस्तुले नोक्सान पर्याउने हुनु हुदैन ।नतिजा प्रदर्शन कार्यक्रम जातिय प्रदर्शन तरिका पदर्शन , मलखाद प्रदर्शनको रुपमा गराई कृषकहरुलाई अवलोकन गराउनु पदर्छ ।प्रदर्शन प्लटमा प्रदर्शनको किसिम, कृषकको नाम,बाली र जात ,क्षेत्रफल ,मलखादको मात्रा ,आरम्भ गरेको मिति आदि उल्लेख गरेको व्यानर राख्नु पर्छ ।प्रदर्शन प्लटमा कृषकहरु जुटाइ समय समयमा अवलोकन गराउनु पर्छ ।

**आर्थिक पक्ष** :

**प्रदर्शन कार्यक्रम**

तरकारी बालीहरुमा गरिने जातिय, मलखाद ,बाली संरक्षण तरिका प्रदर्शनका लागि रासायनिक मल बीउ विषादी साइनबोर्ड आदिमा प्रति प्रदर्शन रु १५०० खर्च गर्न सकिने छ ।

क्षेत्रफल : १ रोपनी

**४.२.३) उन्नत बीउ किट वितरण कार्यक्रम (तरकारी बाली)**

**उद्देश्य :** कुनै एक स्थानमा लोकपृय भएको तरकारी बालीको बीउ र जात त्यस स्थानका आसपासका कृषकहरुलाई जानकारी दिन र बीउ प्रशारण गर्न ।

**कार्यविधि :**

कुनै एक स्थानमा लोकपृय भएको स्तरिय तरकारी बालिहरुको वीउ खरिद गरि स साना प्याकेट बनाई बीउको जात, लगाउने समय ,मल, सिंचाई , कटानी गर्ने समय ,र अनुमानित उत्पादन आदिको विवरण लेखि सोहि प्याकेटमा राखि कृषकहरुलाई जानकारी गराउनु पर्छ ।कृषकहरुको नाम, ठेगाना लगाएको समय प्रयोग भएको मात्रा , प्रविधिर विउ प्रति कृषकको धारणा जस्ता विवरणहरु रेकर्ड गर्नु पर्छ ।कृषकले मन पराएमा सोहि बीउको क्षेत्र विस्तार हुन्छ ।

**आर्थिक पक्ष** :

**उन्नत बीउ किट वितरण**

कार्यक्रम संचालन गर्न बीउ खरिद रप्याकिङको लागि प्रति किट रु १०० सम्म खर्च गर्न सकिने छ ।

**४.३ मसला बाली :**

**४.३.१) अदुवा तथा बेसार प्रदर्शन कार्यक्रम**

**उद्देश्य :** कृषक हरुलाई अदुवा तथा बेसार उत्पादन प्रबिधी सिकाउदै उन्नत प्रबिधी तर्फ उन्मुख गराउनु ।

**कार्यविधि : –** जग्गा एबम कृषक छनोट प्रश्चात प्रदसनको लागि आबश्यक सामाग्री जुटाई केहि कृषकको उपस्थितीमा कार्यक्रम संचालन गर्ने उचित समयमा हार्भेस्ट गर्ने ब्यबस्था मिलाउनु पर्दछ ।

– रेकर्ड राख्ने र संक्षीप्त बिवरण सहीतको बोर्ड राख्ने गनुपर्दछ ।

**आर्थिक पक्ष :**अदुवा तथा बेसार प्रदर्शन कार्यक्रम

- मल,बीउ,बिषदी,बोर्ड आदीको लागी रु १००००। सम्म खर्च गर्न सकीने
- क्षेत्रफल १ रापनी

## परिच्छेद ५ :

## मत्स्य बिकास कार्यक्रम

### ५.१) माछा पोखरी निर्मान एवम सुदृढीकरण :

**उद्देश्य :** बजारको माग पुरा गर्न र कृषक हरुको आर्थिक रुपमा सुधार ल्याउन नयाँ माछा पोखरी निर्माण गरी तथा भयका पोखरीहरु सुधार गरी ब्यबसायिक रुपमा माछा पालन गर्नु हो ।

**कार्यविधि :**नयाँ पोखरीको क्षेत्रफल कम्तीमा १ रोपनी जलासय भएको हुनुपर्दछ (माटोको काम प्रवेश द्वार, निकास द्वार निर्माण, पानी ब्यबस्थापन) । पुरानो पोखरी सुदृढीकरण गर्दा जलासय क्षेत्रफल कम्तीमा १ रोपनी बढेको मानिने छ (क्षेत्रफल बिस्तार,डिल मर्मत,गहिराई,प्रवेश द्वार, निकास द्वार निर्माण, पानी ब्यबस्थापन)

**आर्थिक पक्ष :**माछा पोखरी निर्मान एवम सुदृढी करण :

- नयाँ पोखरीको हकमा माटोको काम प्रवेश द्वार, निकास द्वार निर्माण, पानी ब्यबस्थापन आदीमा प्रतिरोपनी जलासयको लागी रु १५०००। सम्म खर्च गर्न सकीने
- पोखरीको सुदृढीकरण को हकमा क्षेत्रफल बिस्तार,डिल मर्मत,गहिराई,प्रवेश द्वार, निकास द्वार निर्माण, पानी ब्यबस्थापन आदीमा जलासय बिस्तार प्रतिरोपनी लागी रु १५०००। सम्म खर्च गर्न सकीने ।

### ५.२) माछा भुरा ढुवानी अनुदान :

**उद्देश्य :** मत्स्य उत्पादन कार्यक्रम बिस्तार गराउन पायक पर्ने श्रोत केन्द्र देखी का.गाउँपालिका .अर्न्तगतका माछा पोखरी पकेट स्थल सम्म माछा भुरा ढुवानी गराई कृयाक हरुलाई ढुवानी खर्च बाट बचाउनु ।

कार्यविधि : नम्समा उल्लेख भय बमोजिम माछाका भुरा ढुवानी अनुदान दीने ब्यबस्था मिलाउनु पर्दछ ।

**आर्थिक पक्ष :** माछा भुरा ढुवानी :

- जिल्ला बाहीरको श्रोत केन्द्र देखी का.गाउँपालिका .अन्तर्गतका स्थानमा प्रतिपटक रु १५०००। सम्म ढुवानी अनुदान दिन सकीने ।
- निर्दिष्ट श्रोत केन्द्र देखी का.गाउँपालिका .अन्तर्गतका स्थानमा प्रचलित स्थानिय नियम अनुसार ढुवानी अनुदान दिन सकीने ।

### ५.३ महाजाल खरीद अनुदान :

**उद्देश्य :** पोखरी सुकाई माछा मार्ने परीपाटीको अन्त्य गन,बजारको माग अनुसार समय समयमा माछा निकाल्ना,माछाको स्वास्थ्य तथा बृदिको जाँच गरी दाना तथा अन्य ब्यबस्थापकिय कार्यमा सघाउ पुर्‍याउनु ।

कार्यविधि : महाजाल खरीदको लागी एउटा कृषक समुह वा एक माछा उद्यमीको लागी एउटा मात्र अनुदान दिन सकीने एक पटक दियको उद्यमी कृषक वा कृषक समुह लाई ५ बर्ष सम्म अर्को जाल अनुदानमा उपलब्ध नगराउने

**आर्थिक पक्ष :**

**महाजाल खरीद अनुदान :**

- ३० मिटर सम्मको एक जालको लागी रु १००००। सम्म अनुदान दिन सकीने ।
- ५० मिटर सम्मको एक जालको लागी रु १५०००।सम्म अनुदान दिन सकीने ।

## परिच्छेद : ६

## बालि संरक्षण कार्यक्रम

**६.१ आकस्मिक बालिसंरक्षण सेवा :**

**उद्देश्य :**

गाउँपालिका अन्तर्गतका कृषक हरुले लगाएको बालीनालीमा रोग किराको प्रकोप बाट बालिसंरक्षण गर्न आकस्मीक सेवा पुर्‍याउनु ।

**कार्यविधि** :गाउँपालिका अन्तर्गतका कृषक हरुले लगाएको बालीनालीमा रोग किराको प्रकोप देखिनासाथ कृषक,कृषक समुह समेत परीचालन गरी आबस्यक बाली संरक्षणका उपायहरु प्रयोग गरी, बिषादी,स्प्रेयर,डस्टर,उपकरण आदी के कती आबस्यक पर्छ सोको ब्यबस्था गरी आकस्मीक प्रकोप नियन्त्रण गर्ने ब्यबस्था मिलाउनु पर्दछ ।

**आर्थिक पक्ष :**

**आकस्मिक बालिसंरक्षण सेवा :**

–प्राप्त प्रकोप समन्धी सुचना र मागको आधारमा बालीसंरक्षण सामाग्री,बिषादी खरीदको लागी बार्षिक रु ७५०००। सम्म खर्च गर्न सकीने ।

**६.२)कृषि औजार उपकरण बितरण :**

**उद्देश्य :**

उन्नत प्रबिधी अबलम्बन गर्न बालीको सुरक्षित भन्डार एबम प्रयोगको लागी कृषकहरुलाई कार्यक्रममा उत्प्रेरीत गर्न

**कार्यविधि :**कृषकहरुको आबस्यत्ता अनुसारका सामाग्रीहरु पहीचान गरी नर्म्समा उल्लेख भयअनुसार कृषक वा कृषक समुहमा रहनेगरी भरपाई समेत बनाई उपलब्ध गराउने ब्यबस्था मिलाउनु पर्दछ ।

**आर्थिक पक्ष :**

**कृषि औजार उपकरण बितरण :**

–मेटलबिन(सिडबिन),स्प्रेयर,कर्नसेलर,डस्टर,हजारी थोपा सिचाई सेट,सिल्पालीन प्लाष्टिक,मिनी पावर टीलर,थ्रेसर,धान काट्ने मेसिन,मौरी घार तथा मौरी पालन उपकरणआदीमा ५०देखी १००%सम्म कार्यक्रम अनुसार अनुदान दीन सकीनेछ ।

## परिच्छेद ७

### ब्यबसायिक किट बिकास कार्यक्रम :

७.१) मौरी चरण कार्यक्रम :

**उद्देश्य :** मौरी चरण सबकास गरी वातारण सुधारमा सहयोग पुर्‍याउनुको साथै प्रयाप्त परीमाणमा मौरी आहार उपलब्ध गराउनु

**कार्यविधि : –** पकेट क्षेत्रका कृषक वा कृषक समुहमा मौरी गोला कितरण गरीयको क्षेत्रमा नै मौरी चरणको लागी बोटबिरुवाहरु उपलब्ध गराउनु पर्दछ ।

–यस्ता बोटबिरुवाहरु बितरण गर्दा सम्बन्धित निकाय सँग सम्पर्क राखी सुन्ता वा अमीला जातका फलफुलहरु,लीची,नास्पती,आरु,आरुबखडा,मेवा, कल्की,केरा,तोरी,फापर,कोलोबर,सुर्यमुखी,आदी बोटहरु उपलब्ध गराइनेछ ।

**आर्थिक पक्ष :**

**मौरी चरण कार्यक्रम :**

–मौरी चरणका बोट प्रति घार १५ वटा सम्म दिन सकिनेछ

–उक्त बोटबिरुवा तथा बिउमा ५० देखी १००%सम्म कार्यक्रम बनाई अनुदान दीन सकीनेछ ।

७.२ च्याउ बीउ बितरण :

**उद्देश्य :**कृषक हरुलाई च्याउ खेतीतर्फ प्रोतसाहीत गर्नु

**कार्यविधि :–**च्याउ उत्पादन कृषक /समुह/च्याउ पकेटका कृषक हरुलाई नर्म्स अनुसार बीउ उपलब्ध गराउनुपर्नेछ

**आर्थिक पक्ष :** च्याउ उत्पादन कृषक /कृषक समुह/च्याउ पकेटका कृषक हरुलाई च्याउको बीउको मुल्यमा ५० देखी १००%सम्म कार्यक्रम बनाई अनुदान दीन सकीनेछ ।

## परिच्छेद ८

### माटो ब्यबस्थापन कार्यक्रम

**८.१ माटो परीक्षण शिबिर संचालन :**

**उद्देश्य :** –कृषक सहभागीताम उर्बरा शक्तीको जानकारी लिनुको साथै स्थलगत रुपमा माटो बिश्लेसष गर्नु र माटो ब्यबस्थापन समन्धि प्रबिधिहरु सिफारीस गर्नु

**कार्यविधि : –** माटो परीक्षण शिबिर संचालन गर्न आबस्यक पर्ने रसायन पउकरणशरु(बिट बक्स) र प्राबिधिक सेवा उपलब्ध गराउनु पर्नेछ ।

–माटो ब्यबस्थापन तालिम सँग आबद्व गरी माटो परीक्षण कार्यक्रम संचालन गर्नुपर्दछ ।

**आर्थिक पक्ष :**चियापान,स्टेसनरी,ब्यबस्थापन,ब्यानर आदीको लागी रु ५०००।

कर्मचारीको दै.भ.भ नियम अनुसार । माटो परीक्षण का लागी आबस्यक रि यजेन्ट,स्वायल किट बक्स७ वटा को लागी रु ५६०००। र इन्धनको लागी रु २००००।

८.२) माटो परीक्षण सुधार सेवा कार्यक्रम :

८.२.१) प्राङगारीक मलमा अनुदान :

**उद्देश्य :** माटोको उर्बरा शक्ति कायम राख्न, प्राङगारीक उत्पादन सेवन गरी स्वस्थ रहन

**कार्यविधि** : – तरकारी तथा खाद्यान्न उत्पादन पकेटका कृषकशरु लाभान्वित हनेगरी कृषक वा कृषक समुह हरुको मागको आधारमा माटो सुधारगर्न प्राङगारीक मलमा अनुदान दीन सकिने ।

**आर्थिक पक्ष :** प्राङगारीक मलमा अनुदान :

प्राङगारीक मलमा प्रति के.जि.रु १० र ढुवानी अनुदान सत प्रतिसत दिन सकिने

**८.२.२ कृषि चुन बितरण** :

उद्देश्य :माटो परीक्षण नतिजाको आधारमा देखीयको अम्लीयपन हटाउना कृषि चुन प्रयोग गरी माटो गुनस्तर अभिबृद्वि गराउना कृषकहरुलाई उत्प्रेरण गर्नु

**कार्यविधि** :– माटो परीक्षणको नतिजा तथा अन्य अध्यनको आधारमा कृषि चुन प्रयोग गर्न आबस्यक परेको ठाउँमा प्राबिधिकको सिफारीस अनुसार चुनको प्रयोग गर्नुपर्दछ ।

**आर्थिक पक्ष** : कृषि चुन प्रयोग गर्ने स्थानमा प्रति रोपनी बढीमा ३०० के.जी.चुन अनुदानमा अपलब्ध गराउन सकिनेछ ।

**८.२.३ हरियो मल(ढैचा बीउ) बितरण** :

**उद्देश्य**:माटो परीक्षण नतिजाको आधारमा देखीयको छ्यारीयपन हटाउना हरियो मल(ढैचा) प्रयोग गरी माटो गुनस्तर अभिबृद्वि गराउना कृषकहरुलाई उत्प्रेरण गर्नु

कार्यविधि :– माटो परीक्षणको नतिजा तथा अन्य अध्यनको आधारमा हरियो मल(ढैचा )प्रयोग गर्न आबस्यक परेको ठाउँमा प्राबिधिकको सिफारीस अनुसार हरियो मल(ढैचा) प्रयोग गर्नुपर्दछ ।

आर्थिक पक्ष : हरियो मल(ढैचा) प्रयोग गर्ने स्थानमा आबस्इक पर्नेहरियो मल(ढैचा बीउ) अनुदानमा अपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद ९

### सहकारी खेती साना सिचाई तथा मल बीउ ढुवानी कार्यक्रम :

९.१)थोपा सिचाई सहितको **shade tunnlel house**निर्माण कार्यक्रम :

**उद्देश्य :** थोपा सिचाई सहितको shade tunnlel houseनिर्मान गरी कृषक हरुलाई ब्यबसायिक रुप्मा मौसमी तथा बेमौसमी तरकारी खेती गर्न लगाई आर्थिक रुपमा सुधार ल्याउनु ।

**कार्यविधि** : – कृषकहरुको मागको आधारमा छनौट भएका कृषकहरुलाइ मात्र कार्यक्रममा सहभागी गराउन सकिने छ । कषकहरुले आफ्नो तर्फबाट कम्तिमा १५ प्रतिशत लगानि गर्नु पर्नेछ ।

**आर्थिक पक्ष :**

- थोपासिचाई सहितको shade tunnlel houseनिर्माण कार्य र स्प्रेयर, हजारी, बीउ विजन, मलखाद, विषादि, शूक्ष्मतत्व, प्लाष्टिक मल्च,नेट आदि खरिदका लागि बढीमा रु. १५००००। सम्म प्रति गोटा अनुदान दिन सकिने छ ।
- क्षेत्रफल ५५ ब.मी. हुनुपर्ने छ ।
- कार्यक्रम अनुगमन तथा निरीक्षणमा खर्च गर्न सकीनेछ ।

## परिच्छेद १०

### आलु तरकारी तथा मसला बाली बिकास कार्यक्रम :

**१०.१) प्लाष्टिक घरमा तरकारी प्रदसन कार्यक्रम :**

**उद्देश्य :** थोरै क्षत्रफलमा पनी बेमोसमी तरकारी उत्पादन गरी उत्पादन बढाउनु अधिक्तम मुल्य पाउन र स्वरोजगार तयार गर्न अन्य कृषकहरुले पनि अनुसरण गर्न रअभिप्रेरीत गराउना

**कार्यविधि** : कृषक वा कृषक समुह बाट माग भई आयका मध्यबाट छनोट भयका कृषक/कृषक समुहमा कार्यक्रम संचालन गरीनेछ ।

**आर्थिक पक्ष** :

प्लाष्टिक घरमा तरकारी प्रदसन कार्यक्रम :सिल्पालीन प्लाष्टिक,मल बीउ,बिषदी,औजार उपकरण खरीद कार्यक्रम सामाग्री ढुवानी गर्न र कृषक तालिलम संचालन गर्न प्रदसन बोर्ड बनाउन र कार्यक्रम अनुगमन निरीक्षण गर्नको लागी स्वीत कार्यक्रमको रकम खर्च गर्न वा अनुदानमा बितरण गर्न सकीनेछ ।

## परिच्छेद ११

### प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना

**११.१) साना ब्यवशायी कृषि उत्पादन केन्द्र (पकेट)**

**११.१.१) क्षमता विकास अभिबृद्धि कार्यक्रम**

**कार्यविधि :**

स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रहि पकेट स्तरीय एक दिने स्थलगत तालिम सन्चालन गर्नेछ ।

- पकेट भित्रका ब्यवसायिक कृषक,समूह समिति सदस्यहरु यस तालिमका सहभागी हुने छन ।
- तालिममा ४ वटा कक्षा हुने छन ।
- कृषकहरुलाई यस तालिममासम्बन्धित पकेटको विषय वस्तुमा आधारित विषयमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान सीप प्रदान गरिनेछ ।
- सहभागी छनौटको जिम्मेवारी पकेट समितिको हुनेछ ।

**११.१.२) पकेट स्तरीय क्षमता अभिबृद्धि तालिम संचालनको आर्थिक कार्यविधि**

| क्र.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | सहभागी भत्ता/यातायात (बजेटले पुगेसम्म) | ५०० | प्रति व्यक्ति दुरि अनुसार |
| २ | मसलन्द<br>क.सहभागीका लागि<br><br>ख. व्यबस्थापन एवं प्रशिक्षण कार्यका लागि | <br>७५<br><br>१५०० | <br>प्रति व्यक्ति डायरी ,कलम, माईक्लियर व्याग आदि<br>ब्यानर, बोर्ड मारकर ,प्रोजेक्टर मेटाकार्ड, न्युजप्रीन्ट पेपर ब्राउन पेपर, मास्किङ टेप, क्लिप, आदि |
| ३ | खाजा (प्रति व्यक्ति प्रति दिन ) | १५० | संयोजक ,श्रोत व्यक्ति ,प्रतिवेदक र सहयोगी कर्मचारी तथा सहभागी लाई समेत |
| ४ | प्रशिक्षक भत्ता ( प्रति कक्षा )<br>क . कक्षा संचालन बापत<br>ख. कार्यपत्र (Handout)बापत | <br>१०००<br>५०० | |
| ५ | वस्तु गत टेवा (बजेटले पुगेसम्म) | ३००० | वस्तु गत टेवा तालिमका सहभागीहरुलाई नया प्राप्त सीप उपयोग गर्ने कार्यमा उत्प्रेरित गर्न प्रदान गरिने वस्तु जस्तै बाख्राको माउ, पशु औषधी तथा बालीका वीउहरु,विषादि ,मौरीको घार,औजार उपकरण आदि सम्झनु पर्छ । |
| ६ | दैनिक तथा भ्रमण भत्ता | नियमानुसार | मुकामबाट ४ कोष भन्दा बढि दुरिमा जाने र आउने दिनको लागि मात्र |

**११.१.३) परियोजना अभिमुखिकरण पकेट स्तर :**

<u>**कार्यविधि :**</u>

स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रहि पकेट स्तरीय एक दिने अभिमुखिकरण गोष्ठी सन्चालन गरिनेछ ।

- पकेट भित्रका व्यवसायिक कृषक,समूह समितिका पदाधिकारी सदस्यहरु सहभागी हुने छन ।
- गोष्ठीमा ५ वटा सम्मसेसन रहने छन ।
- सहभागी छनौटको जिम्मेवारी पकेट समितिको हुनेछ ।
- गोष्ठी विषयवस्तु हेरि एक  दिन वा सो भन्दा बढि अवधिका हुने छन ।

➤ गोष्ठीमा विषयवस्तुको गाम्भिर्यता हेरि कार्यपत्र प्रस्तुति तथा सहजिकरण का लागि विषयविशेषज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

**११.१.४) पकेट स्तरीय परियोजना अभिमुखिकरण संचालनको आर्थिक कार्यविधि**

| क.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | सहभागी भत्ता/यातायात (बजेटले पुगेसम्म) | १००० | प्रति व्यक्ति दुरि अनुसार |
| २ | मसलन्द<br>क.सहभागीका लागि<br><br>ख. व्यबस्थापन एवं प्रशिक्षण कार्यका लागि | <br>७५<br><br>१५०० | <br>प्रति व्यक्ति डायरी ,कलम, माईक्लियर व्याग आदि<br>ब्यानर, बोर्ड मारकर ,प्रोजेक्टर मेटाकार्ड, न्युजप्रीन्ट पेपर ब्राउन पेपर, मास्किङ टेप, क्लिप, आदि |
| ३ | खाजा (प्रति व्यक्ति प्रति दिन ) | १५० | संयोजक ,श्रोत व्यक्ति ,प्रतिवेदक र सहयोगी कर्मचारी तथा सशभागी लाई समेत |
| ४ | खाना प्रति व्यक्ति प्रति दिन (बजेटले पुगेसम्म) | २५०। | संयोजक ,श्रोत व्यक्ति ,प्रतिवेदक र सहयोगी कर्मचारी तथा सशभागी लाई समेत |
| ४ | प्रशिक्षक भत्ता ( प्रति कक्षा )<br>क . कक्षा संचालन बापत<br>ख. कार्यपत्र (Handout)बापत | <br>१०००<br>५०० | |
| ५ | वस्तु गत टेवा (बजेटले पुगेसम्म) | ३००० | वस्तु गत टेवा तालिमका सहभागीहरुलाई नया प्राप्त सीप उपयोग गर्ने कार्यमा उत्प्रेरित गर्न प्रदान गरिने वस्तु जस्तै बाखाको माउ, पशु औषधी तथा बालीका बीउहरु,विषादि ,मौरीको घार,औजार उपकरण आदि सम्झनु पर्छ । |
| ६ | दैनिक तथा भ्रमण भत्ता | नियमानुसार | मुकामबाट ४ कोष भन्दा बढि दुरिमा जाने र आउने दिनको लागि मात्र |

**११.१.५) चालु तथा पुंजिगत अनुदान कार्यक्रमहरु :**

**११.१.५.१) साना व्यवशायी कृषि उत्पादन केन्द्र (पकेट) चालु अनुदान :**

**कार्यविधि :**

➤ उत्पादन प्रविधि प्रदर्शन : पकेट क्षेत्रमा सहभागितात्मक नविन उत्पादन प्रविधि प्रदर्शन तथा स्थलगत तालिम लगायत प्रविधि हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ ।

- उत्पादन सामाग्री सहयोग : पकेट क्षेत्रका लागि उत्पादन सामाग्रीहरु मौरी गोला, तरकारी, बेसार, अदुवा आदि बालीहरुको बीउ, मलखाद, शुक्ष्मतत्व, विषादि आदि उत्पादन सामाग्रीहरु खरिद गर्न ५० प्रतिशत अनुदान सहयोग हुनेछ ।

**आर्थिक पक्ष : साना ब्यवशायी कृषि उत्पादन केन्द्र (पकेट) चालु अनुदान :**

डुङ्गेश्वरगाउँपालिका र सम्बन्धित पकेट संचालक समिति विच भएका सम्झौता बमोजिम चालु खर्चमा ५० प्रतिशतसम्म अनुदान दिन सकिनेछ ।

**११.१.५.२) साना ब्यवशायी कृषि उत्पादन केन्द्र (पकेठ) पुंजिगत अनुदान :**

**कार्यविधि :**

पुंजिगत अनुदान वापत प्रत्यक पकेटका लागि निश्चित बजेट विनियोजन गरिनेछ । विनियोजित बजेटको परिधि भित्र रहि पंजिगत आवश्यक्ताका क्षेत्रहरु जस्तै मेसेनरी औजार,उपकरण, सिंचाई पूर्वाधार निर्माण तथा मर्मत संभार प्रारम्भिक प्रशोधन पूर्वाधारहरु (thresing floor,storage house,collecection center) लगायतका पूर्वाधार विकासमा खर्च गर्न सकिने छ । यस्ता प्रकृतीका पुंजिगत कार्यक्रमहरु संचालन गर्दा मेसेनरी औजारका लागि बढीमा ५० प्रतिशत, प्रयोगशाला सेवाहरुमा बढीमा ८५ प्रतिशत, साना सिंचाइ पूर्वाधारहरुमा बढीमा ८५ प्रतिशत, उत्पादनोपरान्त तथा कृषि ब्यवशाय सेवा पूर्वाधारमा बढीमा ८५ प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ ।

**आर्थिक पक्ष :**

**साना ब्यवशायी कृषि उत्पादन केन्द्र (पकेट) पंजिगत अनुदान :**

डुङ्गेश्वरगाउँपालिका र सम्बन्धित पकेट संचालक समिति विच भएका सम्झौता बमोजिम पुंजिगत अनुदानमा कार्यक्रमहरु संचालन गर्दा मेसेनरी औजारका लागि बढीमा ५० प्रतिशत, प्रयोगशाला सेवाहरुमा बढीमा ८५ प्रतिशत, साना सिंचाइ पूर्वाधारहरुमा बढीमा ८५ प्रतिशत, उत्पादनोपरान्त तथा कृषि ब्यवशाय सेवा पूर्वाधारमा बढीमा ८५ प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद १२

## कार्यक्रम अनुगमन तथा निरिक्षण

**कार्यविधि :**

क) कार्यक्रम संचालन अवधि वा सम्पन्न भए पस्चात गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, वडाध्यक्ष, विषयगत शाखाक कर्मचारीहरु बाट अनुगमन तथा निरिक्षण गर्न सकिनेछ ।

ख) अनुगमन तथा निरीक्षण कार्य पस्चात अनुगमन तथा निरीक्षण कार्यमा देखिएका क्रियाकलापबारे अनुगमनकर्ताले एकल भए एकल प्रतिबेदन र सामुहिक भए संयुक्तरुपमा प्रतिबेदन तयार गर्नु पर्ने ।

**आर्थिक पक्ष :**

- अनुगमन कार्य अवधि एक पटकमा ३ दिनसम्मको हुने छ ।
- अनुगमन कार्यको लागि सानो सवारी साधनमा दैनिक रु. १००००। सम्म खर्च गर्न सकिने छ ।

- अनुगमन कर्ताहरुलाई दैनिक रु. १५००। मा करकट्टी गरी वा नियमानुसार दै.भ्र.भ. रकम दिन सकिने छ ।
- अनुगमन कर्ताहरुको लागि अनुगमन अवधिमा खाजा वापत रु. १५०। र खाना वापत रु. ५००। प्रतिदिन
  प्रति ब्यक्ति खर्च गर्न सकिन् छ ।
- अनुगमन स्थलमा सहभागी कृषकहरुलाइ खाजा वापत रु. १५०। प्रतिदिन प्रति ब्यक्ति खर्च गर्न सकिने छ ।
- अनुगमन कार्यक्रमका सहभागीहरुलाइ स्टेष्नरी, पानी आदि व्यवस्थापनको लागी एक पटकमा रु. ३०००। सम्म खर्च गर्न सकिने छ ।

## परिच्छेद : १३

## पशु विकास कार्यक्रम

### ३.१ युवा लक्षित यवसायीक प्रवर्धन कार्यक्रम

क. युवा लक्षित व्यवसायिक प्रवर्धन कार्यक्रमको मुख्य उदेश्य देश रहेको युवा जनशक्तिलाई कृषि /पशु पालन व्यवसायमा संलग्न गराइ देश भित्र रोजगारीको सिर्जना गर्नु रहेको छ ।

**कार्यक्रम संचालन प्रकृया**

i. **प्रस्ताव आव्हान** : निजि फार्म समूह समिति सहकारीमा आवद्ध कृषकबाट सहकार्यमा व्यवसायिक बाख्रापालन फार्म स्थापना वा त्यसको सुदृढिकरण, भेडा बाख्रा गाई भैसी फार्म नश्ल सुधारका लागि कार्यालयल शाखाले आवश्यक प्रकृया खुलाई गाउँपालिका .को सुचना पाटी शाखाको सुचना पाटी,सवै वडा कार्यालयहरुका सुचना पाटी तथा गाउँपालिका .स्तरीय सबै कार्यालयहरुका सुचना पाटीमा सुचना टाँस गर्ने गराउने छ ।

ii.**प्रस्ताव संकलन** : प्रस्तावना पेश गर्न इच्छुक निजि फार्म समूह समिति सहकारीमा आवद्ध कृषकबाट शाखाले तयार गरेको संक्षिप्त कार्ययोजना फारम भरि निवेदन सहित प्रस्ताव संकलन गरिने छ ।

iii.**प्रस्ताव मुल्यांकन** :शाखाले पेश गरिएका प्रस्तावहरुको प्राविधिक सम्भाव्यता ,औचित्यता तथा अन्य पक्षको आधारमा स्थलगत प्रमाणिकरण (Field Verification )गरि सो को प्रतिवेदन सहित शाखाले प्रस्तावना छनौटका लागि कार्यपालीका बैठकमा सिफारिस गरि पेश गर्नेछ ।

iv. **प्रस्ताव छनौट** : यसरि पेशहुन आएको प्रस्तावनालाई कार्यपालिका बैठकले औचित्यपुर्ण ठानेमा छनौट वा अनुमोदन गर्नेछ ।अन्यथा कार्यपालीका आफैले प्राविधिक संलग्न गराई पुनः स्थलगत प्रमाणिकरण (Field Verification )गरि प्रस्तावना छनौट गर्नेछ ।

## ३.२ अण्डामा आत्मनिर्भरता तथा पारिवारिक पोषण सुरक्षा कार्यक्रम संचालन कार्यविधि

क) गाउँपालीका हुदै जिल्ला तथा समग्र राष्ट्रलाईनै अण्डामा आत्मनिर्भर तुल्याई पारिवारिक पोषणको सुरक्षा गर्ने कार्यक्रमको प्रमुख उदेश्य रहेको छ ।

ख) लेर्यस ,वा मासु तथा अण्डाका उदेश्यले पालिने जातका कुखुरा पाल्न इच्छुक कृषकको संख्या, ,प्रवर्धनको औचित्यता ,आदिको आधार तथा स्थानिय जनप्रतिनिधिको परामर्शमा शाखाले कार्यक्रम सञ्चालन स्थान छनौट गर्नेछ ।

ग) छनौट भएको स्थानमा घरधुरी, बस्तीको सघनता ,प्राविधिकि उपयुक्तता हेरि एक समुहमा १५ देखि २० जना सम्मको समुह गठन गर्ने छ ।

ग) गठन भएको समुहलाई कुखुरा पालन सम्बधि एक दिने आधारभुत अभिमुखिकरण तालिम वा कार्यक्रम हेरि ३ (तीन) दिने गाउँपालिका .स्तरीय तालिमको व्यवस्था शाखाले गर्नेछ ।

घ) कार्यक्रम संचालनार्थ छनौट भएका समूहका प्रति सदस्य वा कृषकलाई १ दिने देखि ८ हप्ता सम्मका लेर्यस ,गिरिराज ,न्यू हेम्पसायर तथा अस्टोलोप जातका अण्डा तथा मासुका लागि प्रख्यात कुखुराका चल्ला निशुल्क उपलब्ध गराईने छ ।

ङ) गठन भएको समूह सदस्यका कुखुरालाई आवश्यकता अनुसार कार्यक्रम तथा वजेटको सिमा भित्र रहि परिजिवी विरुद्ध का औषधी तथा खोपको व्यवस्था शाखाले गर्नेछ ।

च)खोर सुधार सहकार्य :न्यूनतम १०० गोटा लेयर्स कुखरा पालन गरि रहेका वा पालन गर्न ईच्छा भएका कृषकहरुलाई प्रतिष्प्रर्धाको आधारमा कार्यक्रम तथा बजेटका आधारमा रु. ३०००० :न्यूनतम १५० गोटा लेयर्स कुखरा पालन गरि रहेका वा पालन गर्न ईच्छा भएका कृषकहरुलाई प्रतिष्प्रर्धाको आधारमा कार्यक्रम तथा बजेटका आधारमा रु. ४०००० :न्यूनतम २०० गोटा भन्दा बढि लेयर्स कुखरा पालन गरि रहेका वा पालन गर्न ईच्छा भएका कृषकहरुलाई प्रतिष्प्रर्धाको आधारमा कार्यक्रम तथा बजेटका आधारमा रु. ५०००० अनुदान रकम उपलब्ध गराइने छ ।

## ३.३ कृत्रिम गर्भाधान कार्यक्रम संचालन कार्यविधि

क) यस शाखाको कार्यक्षेत्र भित्रका पशुहरुमा कृत्रिम गर्भाधानका माध्यम बाट नश्ल सुधार गरि पशु जन्य पदार्थ जस्तै दुध, अण्डा,तथा मासुको उत्पादन एवं उत्पादकत्व वृद्धि गर्नु यस कार्यक्रमको प्रमुख उदेश्य रहेको छ । प्रजनन योग्य उमेर पुगेका गाई ,भैसी

ख ) यस शाखाको कार्यक्षेत्र भित्रका प्रजनन योग्य उमेर पुगेका गाई ,भैसी तथा बाखाको तथ्यांक अध्यावधिक गर्ने गराउने ।

ग) शाखामा कार्यरत कर्मचारी तथा.तथा कार्यक्षेत्र भित्रका प्राइभेट पाराभेटहरूलाई तालिमको व्यवस्था मिलाउन ,तालिम केन्द्र एवं राष्ट्रिय पशु प्रजनन केन्द्र संग समन्वय गर्ने ।

घ) कार्यक्रम तथा बजेट हेरि स्थानिय जनश्रमदान एवं शाखाको लगानीमा ठुला पशुको सघनता हेरि ठाउँ ठाउँमा ट्रेभिजको निमार्ण गर्ने ।

ङ)कृत्रिम गर्भाधान सामाग्रीहरु जस्तै मदर कन्टेनर, रेफ्रि, ए.आई गन ,ग्लोब, सीथ , गमबुट, एप्रोन ,रेकडिङ्गम जस्ता सामाग्री सम्बन्धित निकायमा माग गर्ने वा कार्यक्रम र वजेट अनुसार खरिद गर्ने ।

च) कृत्रिम गर्भाधान कार्यक्रम संचालन गर्न सिमेन तथा तरल नाईट्रोजनको नियमित व्यवस्थापनका लागि राष्ट्रिय पशु प्रजनन केन्द्र पोखरा ,प्रजनन कार्यालय नेपालगञ्ज संग समन्वय गर्ने ।

छ) कृषकहरुलाई कृत्रिम गर्भाधानको महत्वबोध गराउन जनचेतनाका कार्यक्रम जस्तै तालिम गोष्ठी आदि संचालन गर्ने ।

ज. स्थानिय गाई भैसी र बाखाहरुमा आवश्यकता र औचित्य अनुसार एककालिक कृ. ग. कार्यक्रम संचालन गर्ने ।

झ. स्थानीय पशु विशेष गरि स्थानीय गाईलाई लक्षित गरि कार्यक्षेत्र भित्रको कुनै वडा वा टोलमा घुम्ती कृत्रिम गर्भाधान सेवा संचालन गर्ने ।

## परिच्छेद : १४

## पशु स्वास्थ्य नियमन कार्यक्रम

**४ .१.यस शाखाले देहाय अनुसारका उद्देश्य पुरा गर्न पशु स्वास्थ्य नियमन कार्यक्रम संचालन गर्नेछ ।**

क. भेटेरिनरी औषधी तथा खोप , पशुपन्छी फार्म र पशु नश्ल सुधारको गुणस्तर कायम गर्ने ।

ख .पशु सेवा सम्बन्धी ऐन नियम तथा स्वीकृत मापदण्डहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।

ग. जैविक पदार्थहरुको आयात निर्यात तथा उपयोग निर्धारित मापदण्ड अनुसार भए नभएको नियमन गर्ने ।

**४.२ पशु औषधी तथा जैविक पदार्थको भण्डारण सम्बन्धी व्यवस्थाको निरिक्षण :**

नेपाल सरकारले तोकेको भेटेरिनरी निरिक्षक वा निजको सहायकका रुपमा नेपाल सरकार नेपाल कृषि सेवा भेटेरिनरी समूहका राजपत्र अनंकित प्रथम प्राविधिक श्रेणी पशु स्वास्थ्य प्राविधिकबाट देहाय वमोजिमको नियमन गर्ने छन :-

क) पशु औषधी पसल (Agrovet)आधिकारिक निकायमा दर्ता भएको छ वा छैन ।

ख) औषधी विक्रेताले मान्यता प्राप्त निकायबाट इजाजत पत्र लिएको छ वा छैन ।

ग) औषधी पसलले कुनै प्रतिवन्धीत औषधी राखे नराखेको ।

घ) औषधी राख्ने तरिका व्यवस्थीत भए नभएको ।

ङ) खोप राख्ने गरेको भए रेफ्रिजेरेटरको व्यवस्था भए नभएको ।

च) म्याद नाघेका औषधी भए नभएको ।

**४.३ पशु पन्छी फार्म निरिक्षण :तथा अनुगमन :**

नेपाल सरकारले तोकेको भेटेरिनरी निरिक्षक वा निजको सहायकका रुपमा नेपाल सरकार नेपाल कृषि सेवा भेटेरिनरी समूहका राजपत्र अनंकित प्रथम प्राविधिक श्रेणी पशु स्वास्थ्य प्राविधिकबाट देहाय वमोजिमको नियमन गर्ने छन :-

क) आफ्नो कार्यक्षेत्र भित्रका पशु पन्छी फार्मको निरिक्षण अनुगमन गर्नेछ ।

ख) व्यवसायीक पशु पन्छी फार्मले पशु पंछी लाई नियमित खोप दिएको र जैविक सुरक्षाका उपायहरु अवलम्बन गरे नगरेको ।

ग) फार्मको प्रयोजनको लागि जैविक पदार्थ राख्नु पर्दा सो को लागि उपयुक्त तापक्रममा भण्डार गरे नगरेको ।

**४.४पशु स्वास्थ्य नियमन कार्यको प्रतिवेदन :**

नियमन कर्ताले आफुले गरेको अनुगमन निरिक्षण को प्रतिवेदन ताकिएको ढाचाँमा सवै तथ्यहरु खुल्ने गरि कार्यालयमा पेश गर्नु पर्नेछ ।

**४.५ पारिश्रमिकको व्यवस्था :**

नियमन कर्ताले स्वीकृत कार्यक्रम र बजेट अनुसार नियमानुसारको दैनिक भ्रमण भत्ता पाउनेछ ।

## परिच्छेद : १५

## पशु आहार सेवा कार्यक्रम

**१) पशु आहार सेवा कार्यक्रम :**

क) शाखाका कार्यक्षेत्र भित्र पालिएका पशुहरुलाई पौष्टिक तथा सन्तुलित आहाराको व्यवस्थापनका लागि कृषकहरुलागि उत्प्रेरणा जगाई पशु जन्य पदार्थको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने यसको प्रमुख उदेश्य रहेको छ ।

ख( पशु पालनको सघनता , जग्गाको उपलब्धता, स्थानीय जनप्रतिनिधि संगको समन्वयमा आहार विकास सम्भाव्य क्षेत्रको एकिन /छनौट गर्ने ।

ग) छनौट भएको क्षेत्रमा आहार विकास समूह गठन गर्ने ।

घ) शाखामा कार्यरत तथा स्थानीय क्षेत्रका प्राविधिकलाई पशु आहार विकास तथा घाँसे वाली सम्बन्धी तालिमको व्यवस्था मिलाउने ।

ङ) गठित समूहका कृषकहरु तथा अन्य असंगठित कृषहरुलाई पशु आहार विकास तथा घाँसे वाली सम्बन्धी गाउँपालिका . स्तरीय अधिकतम ३ दिन अवधि सम्मको तालिमको व्यवस्था गर्ने ।

च) कार्यक्रमको औचित्यता , बजेटको सिमा भित्र रहि पशु आहार विकास , घाँस उत्पादन ,बीउ उत्पादन गर्नका लागि सिडविन , हे एवं साइलेज बनाउने सामाग्री , सिलिङ मेसिन , नर्सरी सामाग्री , स्प्रेयर, युरिया मोलासेस मिनरल ब्लक तयार गर्ने मेसिन च्यापकटर , हाभेष्टर ,सीड ग्रेडर जस्ता साामाग्री /उपकरण मा सहकार्यमा अनुदान दिने ।

छ) कृषक समूह /व्यक्तिगत कृषक ,निजी फार्म , सहकारीहरुलाई घाँस उत्पादनका लागि घाँसको वीउ , बेर्ना, सेट्स, एवं युरिया मोलासेस मिनरल ब्लक (UMMB )निःशुल्क उपलब्ध गराउने ।

च . आहार विकासको दिगोपनाको लागि कार्यालय /शाखाले ले घुम्ती कोषको व्यवस्था गर्ने ।

**५. १ पशु आहार सेवा कार्यक्रमको आर्थिक कार्यविधि**

| क्र.सं. | बिवरण | लागत /मुल्य | कैफियत |
|---|---|---|---|
| १ | घाँसको बीउ बेर्ना तथा सेट्स | सरकारी तथा स्थानीय दर रेट अनुसार | |
| २ | युरिया मोलासेस मिनरल ब्लक(UMMB ) | १५०/प्रति के जि. | ढुवानी सहित |
| ३ | समूह गठन तथा परिचालन | पशु सेवा प्रसारको जस्तै | |

## परिच्छेद : १६

## कार्यक्रम संचालन सामग्री ढुवानी कार्यविधि

क.कार्यक्रम संचालनमा आवश्यक पर्ने कृषि तथा पशु जन्य सामाग्रीहरु स्वीकृत बजेटमा व्यवस्था भए बमोजिम ढुवानीमा अनुदानको व्यवस्था मिलाउन सकिने छ ।

ख. कार्यक्रममा तोकिएको ढुवानी रकम बाहेक अन्य स्वीकृत लक्ष्य अनुसार तोकिएको सामाग्री ओसार पसार गर्दा निदृष्ट श्रोत बाट सम्बन्धीत गाउँपालिका .भित्र पर्ने स्थलसम्म प्रचलित नियमानुसार ढुवानी अनुदान दिन सकिने छ ।

## परिच्छेद१७

**विविध**

**क) अधिकार प्रत्यायोजन :**

यो कार्यविधी वमोजिम पशु विकास शाखा र कृषि विकास शाखा प्रमुखले आफुमा निहित अधिकार मातहतका कुनै कर्मचारीलाइ प्रत्यायोजन गर्न सक्नेछ ।

**ख) कार्यविधीको व्याख्या** : यो कार्यविधीको अन्तिम व्याख्या कार्यपालिका वा कार्यपालिको अधिकार प्राप्त निकायले गर्नेछ ।

**ग) कार्यविधीको संशोधन** : यो कार्यविधीको प्रावधानहरुमा कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ ।

**घ) वाधा अडकाउ फुकाउ** : स्थानीय सरकार संचालन ऐन तथा पशु तथा कृषि सम्वन्धी एन तथा यस कार्यविधीमा व्यवस्था भए वाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्ता निर्णय कार्यपालिकाले गर्नेछ ।

**ङ) वचाउ** : यस कार्यविधी लागु हुनु भन्दा पहिले गाउँ कार्यपालिका र गाउँसभाले गरेका निर्णय अनुसार पशु र कृषि विकास संग संम्वन्धीत कार्य यसै कार्यविधी अनुसार हुनेछन ।